आज मिति २०७९ साल पौष २७ गते दिनको ११ बजे यस भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभा कक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिल अनुसारका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवि बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर रारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर भिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री मानबहादुर ठाडा, लेखा अधिकृत
श्री कुलबहादुर बडुका, अधिकृत छैटौं
श्री कृष्णबहादुर शाही, कार्यालय सहयोगी

निर्णय प्रमाणित

**प्रस्तावहरु :**

| क्र.सं. | एजेन्डाहरुः |
|---|---|
| १ | हर्रे-मनिरामकाँडा सडकलाई राष्ट्रिय योजना आयोगमा सुचिकृत गर्ने प्रक्रिया अघि वढाउने र निर्माण गर्ने सम्वन्धमा । |
| २ | आ.व. २०८०/०८१ को लागि राष्ट्रिय योजना आयोगमा योजना छनौट गरी पठाउने सम्वन्धमा । |
| ३ | सडक बोर्ड नेपालमा प्रस्ताव पेश गर्ने सम्वन्धमा । |
| ४ | विविध सम्बन्धमा । |

**प्रस्ताव नं. १ : हर्रे-मनिरामकाँडा सडकलाई राष्ट्रिय योजना आयोगमा सुचिकृत गर्ने प्रक्रिया अघि बढाउने र निर्माण गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको नगरको गौरवको योजनाको रुपमा रहेको हर्रे मनिरामकाँडा सडकको आई.ई.ई. स्वीकृत भईसकेकोले उक्त गौरवको सडक योजनालाई राष्ट्रिय योजना आयोगमा सुचिकृत गर्न आवश्यक प्रक्रिया अघि वढाउने निर्णय गरियो । साथै उक्त सडक निर्माणका लागि नगरपालिकाबाट बजेट विनियोजन भैसकेकोले उक्त कार्यमा थप बजेट लगानीका लागि प्रदेश सरकार तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. २ : आ.व. २०८०/०८१ का लागि राष्ट्रिय योजना आयोगमा योजना छनौट गरी पठाउने सम्वन्धमा ।**

निर्णय नं. २ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २६९, मिति २०७९।९।२४ गतेको पत्रमा लेखिएवमोजिम राष्ट्रिय योजना आयोगको च.नं. २००, मिति २०७९।८।२७ को संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदानको सूचनावमोजिम यस भेरीगंगा नगरपालिकामा आ.व. २०८०/०८१ मा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना, कार्यक्रमहरुका लागि तपसिल अनुसारका प्रस्तावसहित राष्ट्रिय योजना आयोगमा माग पेश गर्ने साथै समपुरक अनुदान कार्यक्रमको ५० प्रतिशत रकम आ.व. २०८०/०८१ को भेरीगंगा नगरपालिकाको वजेटवाट विनियोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

(क) संघीय समपुरक अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | माग बजेट रु. |
|---|---|---|---|
| १ | नगरपालिकाको प्रशासनिक भवन | १२ छिन्चु | ८००००००० |
| २ | छिन्चु वसपार्क | १२ छिन्चु | ४००००००० |
| ३ | फोहारमैला व्यवस्थापन (प्रसोधन केन्द्र समेत) | नगरपालिका क्षेत्रभर | २००००००० |

निर्णय प्रमाणित

(ख) विशेष अनुदान तर्फ

| क्र.सं. | योजनाको नाम | वडा नं. | माग बजेट रु. |
|---|---|---|---|
| १ | वसेरी सालघारी ओख्ले सडक | १ | १०००००००० |
| २ | सिस्नेरी कालपानी चैते सडक | २ | १०००००००० |
| ३ | छिन्चु डुंगीखोला धानखोरिया लेखपराजुल सडक | ३ | १०००००००० |
| ४ | तोलीपुल मुरलीखोला हान्नेसिमल कृषि सडक | ४ | १०००००००० |
| ५ | ववईपुल गेरुवानी गुईयावारी सल्यान जोड्ने सडक | ५ | १०००००००० |
| ६ | जहरे लेखफिङ्नी च्यूरीगैरा सडक | ६ | १०००००००० |
| ७ | मैनतडा सामाखोरिया दोबाटा सडक | ७ | १०००००००० |
| ८ | गोचेखोला चौखे नक्कले काठेघारी सडक | ८ | १०००००००० |
| ९ | हरि कटेज रिङरोड जनसेवा टोल जहरेपुल सडक | ९ | १०००००००० |
| १० | पशुसेवा कार्यालय फिलमिले वराहडाँडा सडक | १० | १०००००००० |
| ११ | रामघाट हाटवजार साधिखोला चिप्लेपुल सडक | ११ | १०००००००० |
| १२ | मसिना रिङ्गरोड | १२ | १०००००००० |
| १३ | औद्योगिक ग्राम रामघाट करेली रिङ्गरोड | ११, १३ | १०००००००० |
| १४ | छिन्चु वसपार्क | १२ | १०००००००० |

**प्रस्ताव नं. ३ : सडक बोर्ड नेपालमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३ : सडक वोर्ड नेपालको च.नं. ६८५, मिति २०७९।९।१३ गतेको आ.व. २०७९/०८० को वजेट स्वीकृती सम्वन्धि पत्र प्राप्त भई व्यहोरा अवगत भयो। सो सम्वन्धमा तपसिलबमोजिमका योजनाहरु सडक वोर्ड नेपालवाट प्राप्त वजेट रु. ४४ लाख र यस नगरपालिकाबाट ३० प्रतिशतले हुन आउने रकम करिव रु. १९ लाख रुपैयाँ यस नगरपालिकाको समपुरक कोष शीर्षकवाट बजेट म्याचिङ्ग गरी तपसिलअनुसारका योजनाहरु स्वीकृत गर्ने र सडक बोर्ड नेपालमा प्रशताव पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।**

तपसिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | बजेट रु. |
|---|---|---|---|
| १ | गणेशपुर टोल सडक नाली निर्माण तथा नाला निकास | १२ | २६००००० |
| २ | कुमारी वैंक गोलपार्क सडक निर्माण जहरे वजार | ९ | २०००००० |
| ३ | रामघाट प्रहरी चौकी अगाडीको सडक निर्माण | ११ | ५००००० |
| ४ | टपरीचुल्हो एकता टोल सडक निर्माण | १० | ७००००० |
| ५ | मा.वि. फिङ्नी पूर्व खोल्सामा होम पाइप तथा फिलिङ | ६ | ५००००० |

Scanned with CamScanner

निर्णय प्रमाणित

**प्रस्ताव नं. ४ : विविध निर्णय सम्बन्धमा ।**

निर्णय नं. ४ : तपसिल बमोजिम हुनेगरी विविध विषयमा सर्वसम्मत निर्णय पारित गरियो ।

(क) यस भेरीगंगा नगरपालिकाको संस्थागत स्वःमूल्यांकन (LISA) तथा स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन (FRA) को नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

(ख) यस भेरीगंगा नगरपालिकाबाट नागरिकलाई प्रदान गर्ने सम्पूर्ण सेवासुविधाहरुलाई गुणस्तरीय र सर्बसुलभ बनाउन नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवासुविधाको सम्वन्धमा व्यापक छलफल भयो । नगरपालिका तथा मातहतका कार्यालयवाट प्रदान गर्ने सेवासुविधालाई अझै थप प्रभावकारी तरिकाले सेवा प्रवाह गर्ने निर्णय गरियो ।

(ग) यस भेरीगंगा नगरपालिकाको कार्यपालिका बैठकमा यस अघि भएका निर्णयहरुको कार्यान्यनको सम्बन्धमा समिक्षा भयो । साथै आगामी वैठकवाट नगर कार्यपालिकावाट भएका पूर्व निर्णयहरुको कार्यान्वयनको नियमित रुपमा समिक्षा गर्दै अघि बढ्ने निर्णय गरियो ।

(घ) यस भेरीगंगा नगरपालिकाको प्रशासनिक भवनमा खानेपानीको फिल्टर सहितको धारा जडान गर्नका लागि वातावरण तथा जनस्वास्थ्य संस्था एन्फो, गंगामाला सहकारी संस्था छिन्चु र यस नगरपालिकाको संयुक्त लगानीमा निर्माण गर्ने र उक्त फिल्डर सहितको धारा जडान गर्नका लागि नगरपालिकाको तर्फवाट रु. १ लाख ६० हजार रुपैयाँ सरसफाई तथा फोहरमैला व्यवस्थापन शीर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

(ङ) भेरीगंगा नगरपालिकाको आन्तरिक लेखापरीक्षण गर्ने कार्यका लागि कोष तथा लेखा नियन्त्रणको कार्यालय सुर्खेतलाई अनुरोध गर्ने साथै उक्त कार्यमा लाग्ने खर्च रकम नगरपालिकाले सम्वन्धित, मिल्दो शीर्षकवाट व्यहोर्ने निर्णय गरियो ।

(च) यस भेरीगंगा नगरपालिका कार्यालय तथा वडा कार्यालयहरु मार्फत दिईएको सेवा बारे सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालन गर्नका लागि आवश्यक प्रक्रिया पुऱ्याई प्रक्रिया थालनी गर्न नगरपालिका कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

(छ) यस भेरीगंगा नगरपालिकाको वार्षिक कार्यक्रम अनुसार अन्तरपालिका स्तरिय अध्ययन अवलोकन तथा सिकाई क्षमता अभिवृद्धि गर्ने कार्यका लागि आवश्यक तयारी तथा व्यवस्थापनका लागि नगरपालिका कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

(ज) राष्ट्रिय भूमी आयोग सुर्खेतसंग समन्वय गरी यस भेरीगंगा नगरपालिकाका विभिन्न वडाहरुमा भूमीहिन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको जग्गाधनी पुर्जा निर्माणको प्रकृया अगाडी वढाउने र तयार भएका पुर्जाहरुको वितरणका लागि आवश्यक तयारी तथा वितरण कार्य गर्ने निर्णय गरियो ।

Scanned with CamScanner